# जलेश्वर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल

कार्यालय : ०४४-५२००८७
बारूणयन्त्र : ०४४-५२००९७
Email: jaleshwormun@gmail.com


पत्र संख्या :- २०७९/०८०
चलानी नं. :- 3066

मिति :- २०८०/०३/०५

**विषयः तमसुक प्रमाणित गर्ने कार्यविधि पठाइएको सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जलेश्वर ।

उपरोक्त सम्बन्धमा स्थानीय तह र वडा समितिले तमसुक प्रमाणित गर्ने सम्बन्धी कार्यविधि यसै पत्र साथ संलग्न राखी पठाइएको छ । व्यहोरा सोही कार्यविधिबाट अवगत गरी गर्न गराउँन हुन समेत जानकारीको लागि अनुरोध छ ।

..............................
मित्रलाल ढकाल
प्रमुख प्रशासकीय अधिकृत

मित्रलाल ढकाल
प्रमुख प्रशासकिय अधिकृत

# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९

गृह मन्त्रालय परिशर, सिंहदरबार, काठमाडौँ ।

मिति २०८०।२।२९।२

विषय **स्थानीय तह र वडा समितिले तमसुक प्रमाणित गर्ने सम्बन्धी कार्यविधि पठाइएको ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौँ ।

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाइ संशोधन गर्न बनेको अध्यादेश (जारी २०८०।१।२०) अनुसार मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३६ को उपदफा ३ को देहाय (३ख) वमोजिम स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट ६ महिना (अर्थात् २०८० कर्तिक १९ गते) भित्र लेनदेन कारोबारका लिखत प्रमाणित गराउने कानूनी व्यवस्था भएको छ । सो संशोधित कानूनी व्यवस्थानुसार स्थानीय तह वा वडा समितिको कार्यालयहरुमा एक रुपता देखिन आएन ।

कपाली तमसुक स्थानीय तह वा वडा समितिबाट प्रमाणित गराउने सम्बन्धमा एकरुपता हुन आवश्यक भएको र तत्सम्बन्धमा अझ प्रष्ट भए काम गर्न, गराउन सजिलो हुने भएकाले **कपाली तमसुक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरुको** सम्बन्धमा मार्गदर्शनको रुपमा यस आयोगबाट तयार पारिएको कार्यविधि यसैसाथ पठाइएको छ ।

सो कार्यविधिहरु सवै स्थानीय तह र वडा समितिमा जानकारी र आवश्यक कार्यार्थ पठाइ दिने व्यवस्थाको लागि अनुरोध छ ।

गौरीबहादुर कार्की
अध्यक्ष

# सवै स्थानीय तह वा वडा समितिबाट कपाली तमसुक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरु

## कपाली तमसुक प्रमाणीकरण बारे भएको कानूनी व्यवस्था

मुलुकी देवानी संहिता २०७४ लागु भएको २०७५ भदौ १ गते देखि । सो प्रारम्भ भएको मिति देखिका ५० हजार रुपैयाँभन्दा बढीका घरायशी कपाली तमसुक स्थानीय तह वा वडा समितिबाट कारणीहरुको रोहबरमा प्रमाणित गर्नु पर्ने अनिवार्य कानूनी व्यवस्था गरेको ।
तर ऐन लागु हुनु पूर्व भए गरे वा खडा गरेका १० वर्षे हदम्याद हुने कपाली तमसुकहरु प्रमाणित गराउन नपर्ने गरेको थियो । त्यतिबेला ऐन लागु हुँदाको अवस्था २०७५ मा। (दफा ३६ प्रतिबन्धात्मक वाक्यांश)

हाल **केही नेपाल ऐनलाइ संशोधन गर्ने मिति २०८०।१।२० मा जारी अध्यादेशले** सो दफा ३६ को उपदफा ३ पछि (३ क) र (३ ख) थपिएका छन् ।

(३ क) मा २०७५ भदौ १ अगाडि भएका पुराना कपाली तमसुक पनि स्थानीय तह वा वडा समितिको कार्यालयबाट प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्था भएको ।
त्यस्ता पहिले प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरु ६ महिनाभित्र प्रमाणित गराउनु पर्ने ।

(३ ख) प्रमाणित गर्नु अघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

लिखत दर्ता गरेको अभिलेख राख्नु पर्नेछ । दफा ६

२०७५ भदौ १ गते अघिका कपाली तमसुक वा लेनदेनका लिखत **स्थानीय तह वा वडा समितिले** प्रमाणित गर्नु भन्दा पहिले कानूनत केही कुराहरु विचार गर्नु पर्ने हुन्छ ।

# कपाली तमसुक प्रमाणित गर्दा विचार गर्नु पर्ने कुराहरु

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाइ संशोधन गर्न बनेको अध्यादेश (जारी २०८०।१।२०) अनुसार मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३६ को उपदफा ३ को देहाय (३ ख) वमोजिम स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट ६ महिना (अर्थात् २०८० कर्त्तिक १९ गते) भित्र लेनदेन कारोबारका लिखत प्रमाणित गराउँदा अपनाउनु पर्ने कार्यविधिहरु:

**क) लेनदेन कारोवारको लिखत प्रमाणित गर्नु अघि संवन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत वमोजिमको कारोवारको सत्यता संवन्धमा आवश्यक जाँचबुझ गर्दा अपनाउनु पर्ने प्रकृयाहरु:**

१)लिखत (तमसुक) प्रमाणित गर्नका लागि साहु र ऋणी वडा कार्यालयमा उपस्थित हुँदा लेनदेन गरेको रकममा विवाद नभएमा लिखत सनाखत गरिदिने।

२)लिखत सनाखतका लागि साहु र आसामी वडा कार्यालयमा उपस्थित भएपनि उनीहरु वीच लेनदेन भएको रकममा सहमति नभएमा लिखत तयार गर्ने लेखन्दास र लिखतमा साक्षी बसेका व्यक्तिहरुलाई उपस्थित गराउनु पर्ने।

३) माथि २ नं मा उल्लेखित व्यक्तिहरु प्रत्येकलाई ऋण लिएको यकीन रकम के कति हो, भनि प्रत्येक व्यक्तिहरुलाई छुट्टाछुट्टै लिखित रुपमा सोधपुछ गर्ने।

४)साहु र आसामी वीच लेनदेन हुँदा नगद, जिन्सी, चेक वा अन्य कुन माध्यमवाट लेनदेन भएको थियो भनी सोधपुछ गर्ने।

५)साहु र आसामी दुवै पक्ष लिखत सनाखत गर्न मञ्जूरी भएमा र साक्षीहरुले पनि उक्त रकम नै वास्तविक लेनदेन भएको रकम हो भनी सनाखत गरिदिएमा लिखत प्रमाणित गरिदिने।

६)साहु र आसामी दुवै पक्ष लिखत सनाखतको लागि उपस्थित भएपनि साहु र आसामी वीच वास्तविक लेनदेन भएको मिति र रकम संबन्धमा विवाद भएमा अर्थात लेनदेन गरेको रकममा सहमति नभएमा सोही व्यहोरा कैफियत जनाई सनाखत गरिदिने।

**ख) लिखत (तमसुक) सनाखतका लागि साहु र आसामी एकसाथ उपस्थित नभएमा अपनाउनु पर्ने कार्यविधि:**

१) साहु वाट ऋणीको मोवाइल नंवर वा टेलिफोन नंवर र लिखत गर्दाको र हालको यकीन ठेगाना लिखित रुपमा उपलब्ध गराउने।

२)ऋणीको मोवाइल वा टेलिफोन नंवर उपलब्ध गराएकोमा सोझै कुराकानी गरी ऋण रकम यकीन गर्ने।

३)ऋणीको मोवाइल वा टेलिफोन नभएमा निजको वतन खुल्ने ठेगानामा गई वा पत्राचार गरी वडा समितिको कार्यालयमा उपस्थित गराइ सोधपुछ गरी कारोवार वा लेनदेन भएको यकीन रकम पत्ता लगाई लिखत सनाखत गर्ने।

४)ऋणी घर गाँउमा नभै देश भित्रकै अर्को गाँउ जिल्लामा भएमा घर परिवारका सदस्यहरु मध्ये घरको मुख्य भै घर व्यवहार चलाउने व्यक्तिलाई मोवाइल टेलिफोन वा पत्राचार मार्फत उपस्थित गराइ सोधपुछ गरी सनाखत गरिदिने।

५)ऋणी विदेशमा भएकोले निजलाई प्रत्यक्ष रुपमा सोधपुछ मार्फत रकम एकिन गर्न नसकिएमा मोवाइल, टेलिफोन वा सामाजिक सञ्जाल मार्फत सोधपुछ गरी लेनदेन रकम यकीन गरी लिखत सनाखत गरिदिने।

६) भरमग्दुर प्रयत्न गर्दा पनि ऋणी नभेटिएमा टोल, छिमेकका व्यक्तिहरुसंग छलफल सोधपुछ गरेर सोही व्यहोरा लिखतमा जनाई लिखत सनाखत गरिदिने।

**अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९**
गृह मन्त्रालय परिशर सिंहदरबार काठमाडौँ
२०८० जेठ २९